मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १९ गते बिहीबार ❑ 4 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'संघीयताको सफल कार्यान्वयन भएन'

पोखरापत्र संवाददाता
पोखरा, १८ भाद्र

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले केन्द्रीकृत मानसिकता नै सङ्घीयताको सफल कार्यान्वयनको मुख्य चुनौती भएको बताउनुभएको छ।

पोखरा विश्वविद्यालयद्वारा बुधबार आयोजित १० वर्षको सङ्घीय यात्रा, अभ्यास र उपलब्धि विषयक (प्रादेशिक सरकारकोदृष्टिकोणमासङ्घीयताको कार्यान्वयन) कार्यशालाको उद्घाटन गर्दै उहाँले संविधानमा लेखिएका अधिकारका सन्दर्भमा आवश्यक कानुन नबन्नु, गर्नुपर्ने कामको पहिचान नहुनु आदिले अपेक्षित कामहरू गर्न नसकिएको बताउनुभयो । सङ्घ सरकारबाट बन्नुपर्ने कानुन नहुँदा प्रदेश सरकारले सीमित स्रोत साधनका बीच नागरिकका असीमित आवश्यकता पूरा गर्न सरकारलाई चुनौती थपिएको उल्लेख गर्दै उहाँले अहिलेको अवस्थामा सङ्घीयता कार्यान्वयन झनै जटिल बन्दै गईरहेको बताउनुभयो। सङ्घीयताका कारण जनता सरकारको नजिक पुगेको बताउँदै मुख्यमन्त्री पाण्डेले अपेक्षा बढी र सीमित साधन स्रोतबीचको अपेक्षालाई चाहेअनुसार सम्बोधन गर्न नसकिएको बताउनुभयो। गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले प्रदेशमा सङ्घीयतापश्चात् धेरै कुरामा सकारात्मक परिवर्तन आएको बताउनुभयो । विभिन्न सूचकले प्रदेशको समग्र विकास सकारात्मक रुपमा बढेको देखाएको बताउँदै गण्डकी प्रदेश सरकार सुशासनसँगै चुस्त मितव्ययी प्रशासनिक संरचना बनाउने तरबरले बढिरहेको बताउनुभयो । स्वीट्जरल्याण्डका कार्यबाहक राजदुत माथियस मियरले सङ्घीयतालाई प्रभावकारी बनाउने गरी नेपाल लागिरहेको बताउनुभयो।




कार्यक्रमा पोखरा विश्वविद्यालयका रजिष्टार सह प्रा डा अजय थापाले सङ्घीयताको प्रभावकारी कार्यान्वयन गराउने सन्दर्भमा नै कार्यक्रम राखिएको बताउनुभयो । पूर्वमुख्यसचिव डा सोमलाल सुवेदीले सङ्घीयतालाई प्रभावकारी बनाउन राजनीतक प्राथमिकता र सक्रियता एवं प्रशासनिक जाँगर सीप आवश्यक हुने बताउनुभयो । टुक्रे योजना वितरणमा नियन्त्रण र उत्पादनमूलक लगानी हुनुपर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रममा नीति तथा योजना आयोग गण्डकीका पूर्वउपाध्यक्षडागिरिधारीशर्मापौडेल, सह प्रा डा अर्जुन थापालगायतले गण्डकी प्रदेशमा सङ्घीयताको अवस्था, चुनौतीलगायतका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो।

## मुस्ताङ कारागार: एउटै भवनमा कैदीबन्दी र सुरक्षाकर्मी

रासस
मुस्ताङ, १८ भाद्र

जोमसोमस्थित कारागारमा कैदीबन्दी र सुरक्षाकर्मी एउटै भवनमा बस्न बाध्य छन् । कारागार भवनको दुई कोठामा कैदीबन्दी र अन्य तीन वटा कोठामा त्यहाँ कार्यरत सुरक्षाकर्मी बस्ने गरेका छन् । एउटै कारागार भवनमा कैदीबन्दी र सुरक्षाकर्मीको निवास हुँदा विभिन्न खालका समस्या तथा चुनौती देखा पर्ने गरेका छन्।

आधा शताब्दीभन्दा धेरै पुरानो यहाँको कारागार भवन ढुङ्गा र माटोले बनेको छ। भवनको छत यहाँको सक्खर माटो बिच्छ्याएको छ। एउटै भवनमा कैदीबन्दी र सुरक्षाकर्मीको आवास स्थान रहेकाले त्यहाँका सुरक्षाकर्मीलाई निकै समस्या पर्ने गरेको पाइएको छ। विसं २०३७ मा स्थापना भएको मुस्ताङ कारागार भवनको आवश्यक भौतिक संरचना निर्माण नहुँदा त्यहाँ बस्ने कैदीबन्दी र सुरक्षाकर्मीले सास्ती भोग्न बाध्य छन् । हाल कारगार भवनमा पानी चुहिन थालेपछि जस्ताले छाइएको छ । त्यही कारागार भवनमा सुरक्षाकर्मी मात्रै होइन त्यहाँका प्रशासनिक कर्मचारी समेत बस्ने गरेका छन् । धेरै पहिला बनेको ढुङ्गा र माटोले निर्मित कारागारको जीर्ण भवन स्तरोन्नति नहुँदा कैदीबन्दी,



सुरक्षाकर्मी र त्यहाँका काम गर्ने कर्मचारीलाई समस्या पर्ने गरेको छ । पछिल्लो समय मुस्ताङमा समेत वर्षा हुने क्रम बढेकाले त्यहाँको कारागार भवन पछिल्लो समय असुरक्षित महसुस गरिएको बताइएको छ।

कारागारमा आठ कर्मचारीको दरबन्दी छ । यहाँ एक जना कारागार प्रशासक, एक जना सहलेखापाल, एक स्वास्थ्यकर्मी, एक खरिदार, एक जना सहायक कम्प्युटर अपरेटर र तीन कार्यालय सहयोगीको दरबन्दी छ। यहाँका कुल दरबन्दीमध्ये कारागार प्रशासक, स्वास्थ्यकर्मी, खरिदार र एक कार्यालय सहयोगीको पद रिक्त छ। यहाँ कार्यरत सहायक कम्प्युटर अपरेटरको पनि सरुवा भइसकेकाले सो पद पनि रिक्त हुँदैछ। यहाँको कारागारमा कारागार व्यवस्थापन विभागले दरबन्दीअनुसार प्रशासनिक कर्मचारी पदपूर्ति गर्न नसक्दा कारागार व्यवस्थापनमा समस्या भइरहेको छ।

यसैगरी कारागारमा एक प्रहरी वरिष्ठ नायब निरीक्षकको कमाण्डमा ११ सुरक्षाकर्मी खटाइएको छ । यहाँको कारागारमा कूल कैदीबन्दीको क्षमता १५ जनाको रहेको छ। हाल यस कारागारमा २२ वर्षदेखि ६८ वर्ष उमेर समूहका १२ कैदीबन्दी रहेको कारागारका निमित्त प्रशासक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो । कारागार निमित्त प्रमुख तिमिल्सिनाका अनुसार कारागारमा सुरक्षाकर्मीको बेग्लै आवास भवन नरहेको, कारागारमा चाहिने सवारीसाधन नभएको, खानेपानीको समस्या रहेको, कारागारको पर्खाल मजबुत नभएको, कारागारमा पानी चुहिने समस्या रहेको र कैदीबन्दीलाई स्वास्थ्योपचार तथा अदालतमा म्याद थप गर्न लैजाँदा समस्या पर्ने गरेको छ।

## पोखराबाट भुटान एयरलाइन्सले असोज १२ गतेदेखि चार्टर्ड फ्लाई सुरु गर्ने


पोखरापत्र संवाददाता
पोखरा, १८ भाद्र

पोखरा देखि भुटानका लागि भुटान एयरलाइन्सले आउँदो असोज १२ गते (सेप्टेम्बर २८ तारिख ) देखि चार्टर्ड फ्लाइट गर्ने भएको छ।

प ा े ख र ा अन्तराष्ट्रिय विमानस्थलबाट पहिलो चरणमा ४ वटा चार्टर्ड फ्लाइट गर्ने भएको मंगलबार बेलुका पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । युनिभर्सल टुर्स एन्ड ट्राभल्स (युटिटि) को सक्रियतामा भुटान एयरलाइन्सले भुटानको पारो अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्न लागेको हो । हाल भुटानबाट त्रिभवन अन्तर्राष्ट्रिय विमानस्थलमा भुटान एयरलाइन्सले सातामा चार वटा हवाई फ्लाइट गर्दै आएको यूटिटिका कार्यवहाक अध्यक्ष परासर प्रसाईले बताउनु भयो । आफुहरु ५० बर्ष पुरानो कम्पनी भएकोले पाखरामा पर्यटनको धेरै सम्भावना देखेर आफुहरुले पहिलो चरणमा ४ वटा चार्टर्ड फ्लाइट सुरु गर्न लागेको त्यस पछि यहाँको माग र व्यवसायीको सुझाव अनुसार अघि बढ्ने उहाँले जनाउनु भयो । उक्त चार्टर उडानले नेपाल र भुटानबीचको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्नेछ प्रसाई भनाई छ । यसले पर्यटकहरुलाई दुवै देशका प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताको अनुभव आदान प्रदान गर्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।




यूटिटिले असोज १६ गते, २० गते र २४ गतेको उडान गर्ने गरी प्याजेक समेत सार्वजनिक गरेको छ । ४ रात ५ दिनको प्याकेजमा उक्त कम्पनीले प्रति व्यक्ति १ लाख ८४ हजार ५ सयष् रुपैयाको प्याकेज सार्वजनिक गरेको कम्पनीका सुमन मर्हजनले जनाउनु भयो । होटल आवास तथा यातायात र भ्रमण प्याकेज समेत प्याकेजमा समेटिएको उहाँले जनाउनु भयो । गण्डकी प्रदेशमा उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्याललले पोखरा देखि भुटान सिधा चार्टर्ड फ्लाइट हुन लागेकोमा खुसि व्यक्त गर्दै पहिलो चरणको अभियानलाई सफल पार्न सबैले साथ सहयोग गर्न आग्रह गर्नुभयो । पोखरा विश्वकै शुन्दर ठाँउ र यहाँको प्राकृति, संस्कृति, साहसिक खेलकुदका गतिविधिको केन्द्र भएको यहाँ विश्वका धेरै पर्यटकहरु आउन चाहेको उहाँले जनाउनु भयो । पर्यटनको सिजनमा यसरी पोखरादेखि भुटान र भुटानदेखि पोखराको सिधा उडानले दुवै देशको पर्यटन प्रवर्द्धन सहयोग पुग्ने पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बताउनु भयो । पोखरादेखि चिनको सिचुवान विमानले छेन्दु केही चार्टर्ड उडान हुनु र हिलयन एयरलाइन्सले पोखराबाट ल्हासा उडान गर्नुले पोखरामा अन्तराष्ट्रिय उडानको लागि बाटो खुल्ला रहेको मेयर आचार्यले जनाउनु भयो । पोखरालाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न यसले महत्वपूर्ण योगदान गर्ने आचार्यले विश्वास व्यक्त गर्नुभयो । पोखरामाबाट हुने कुनै पनि अन्तराष्ट्रिय हवाई उडानलाई प्रभावकारी बनाउन सबै व्यवसायीहरुले सहयोग गर्नुपर्ने उहाँको भनाई थियो। युटिटिले यस विशेष चार्टर उडानको माध्यमबाट पोखरा र पारोबीच सीधा हवाई सम्पर्क स्थापना गरी दुवै क्षेत्रको पर्यटनलाई थप टेवा पुऱ्याउने पोखरा पर्यटन परिषदका निर्वतमान अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । पोखरा भुटानको पर्यटन प्रबर्द्धनमा उक्त चार्टर्ड फ्लाइट सफल पार्न उहाँले आग्रह गर्नुभयो । पोखराका पर्यटन व्यवसायीहरुको छलफलमा व्यवसायीहरुले दिगो रुपमा संचालन गर्नको लागि अझ सहुलियत दरमा प्याकेज ल्याउन कम्पनीलाई आग्रह गर्नुभयो । यसअघि गत असार ७ असारमा चीनको छेन्दु विमानस्थलबाट सिचुवान एयरलाइन्सको न्यारोबडी एयरबस ३१९ जहाजले पोखरामा चार्टर उडान गरेको थियो । पोखराबाटै ल्हासामा हिमालयन एयरलाइन्सले उडान संचालन गर्दै आएको छ । पछिल्लो पटक सिचुवानले पोखरा-सिचुवान-अस्ट्रेलिया उडानको लागि चासो देखाएको छ।



## शैक्षिक क्षेत्रमा राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्नेमा जोड

पोखरापत्र संवाददाता
दमौली, १८ भाद्र

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले शैक्षिक क्षेत्रमा राजनीतिक हस्तक्षेप गर्न नहुने बताउनुभएको छ।

तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसको ३९औँ वार्षिक साधारणसभाको आज उद्घाटन गर्दै भण्डारीले शैक्षिक क्षेत्रमा राजनीति गर्न नहुने उल्लेख गर्नुभयो । तनहुँ क्षेत्र नं २ बाट निर्वाचित सांसदसमेत रहनुभएका भण्डारीले शिक्षा क्षेत्रमा देखिएको समस्या समाधानका लागि सरकार गम्भीर हुनुपर्ने बताउनुभयो। भण्डारीले नयाँ शिक्षा ऐन निर्माणको प्रक्रिया अन्तिम चरणमा पुगेकाले शिक्षा क्षेत्रमा सुधार गर्नुपर्नेमा जोड दिनुभयो । समुदायस्तरबाट सञ्चालित आदिकवि भानुभक्त क्याम्पसले यस क्षेत्रको शैक्षिक उन्ननयमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उहाँको भनाइ थियो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, अशोककुमार श्रेष्ठ, संविधानसभा सदस्य रामचन्द्र पोखेल, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले शिक्षा क्षेत्रको विकासका लागि सबै एकजुट हुनुपर्ने धारणा व्यक्त गर्नुभयो। सो क्याम्पसमा हाल तीन हजार १०० विद्यार्थी अध्ययनरत छन् । त्यसमध्ये ९० प्रतिशत विद्यार्थी ग्रामीण भेगका छन् भने १८ प्रतिशत विद्यार्थी दलित र ७० प्रतिशत विद्यार्थी विपन्न वर्गका छन् ।

# कास्कीका पालिकाले जि.स.स.लाई एक प्रतिशत रकम नदिएको गुनासो

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भाद्र

जिल्ला समन्वय समिति (जि.स.स.) कास्कीले आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न कार्य प्रगतिसहित चालु आर्थिक वर्ष २०८२/८३ का लागि तयार गरिएको कार्ययोजना सार्वजनिक गरेको छ।

मंगलबारपोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उक्त योजना सार्वजनिक गरिएको हो। कार्यक्रममा जि.स.स. कास्कीका प्रमुख लिलाधर पौडेलले स्थानीय तहहरूले संकलन गर्ने राजस्वको १ प्रतिशत प्रशासनिक खर्च उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था भए पनि हालसम्म रुपा गाउँपालिकाबाट मात्र ६१ हजार रुपैयाँ प्राप्त भएको र बाँकी पालिकाबाट केही रकम नआएको गुनासो गर्नुभयो। उहाँका अनुसार पोखरा महानगरपालिकाबाट समेत अहिलेसम्म एक रुपैयाँ पनि आएको छैन।

"हामी जनताबाट निर्वाचित भएर पनि आवश्यक बजेट नहुँदा र जिम्मेवारी तोकिए पनि स्रोत नपाउँदा थुप्रै कामहरू गर्न नसकेको अवस्थाले दुःख दिएको छ," पौडेलले भन्नुभयो। संविधानले दिएको अधिकार र स्रोत साधनको अधीनमा रहेर प्रभावकारी समन्वय तथा अनुगमनको काम अगाडि बढाइरहेको उहाँको भनाइ थियो। प्रदेश सरकारले बनाउनुपर्ने जिल्ला समन्वय समितिसम्बन्धी कानुन नबनाएको, प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी संघीय कानुन अभाव, पर्याप्त बजेट विनियोजन नहुनु, विनियोजन भए पनि रकम नपाउनु, गुणस्तर परीक्षण प्रयोगशाला नहुनु, ढुंगा-गिट्टी-बालुवा विक्रीबाट प्राप्त राजस्वमा जिल्ला समन्वय समितिलाई भाग नदिनु, पालिकाबाट प्रशासनिक खर्च नपाउनु जस्ता समस्याले कार्य सम्पादनमा कठिनाइ आएको उहाँले बताउनुभयो।

योजना अनुगमनमार्फत दिइएका निर्देशनको कार्यान्वयन पक्ष कमजोर हुनु र पालिकाहरू निर्देशनप्रति उदासीन देखिनु अर्को चुनौती रहेको पौडेलले उल्लेख गर्नुभयो। त्यस्तै, जि.स.स.लाई अनुगमन निर्देशनमा दण्डनीय अधिकार नहुनु, विषयगत कार्यालय र स्थानीय तहहरूले प्रतिवेदन समयमै पेश नगर्नु, मागिएका विवरण समयमा उपलब्ध नगराउनु पनि विद्यमान समस्या भएको बताइयो। आन्तरिक नियन्त्रण कार्यविधि र आय-व्यय सञ्चालन कार्यविधि लागू गरेर कार्यलाई व्यवस्थित बनाउन थालिएको उल्लेख गर्दै पौडेलले सबै जि.स.स. र स्थानीय तहहरूले यी कार्यविधि प्रभावकारी ढंगले लागू गर्न सके देशको करिब आधा भ्रस्टाचार घट्न सक्ने दाबी गर्नुभयो। जि.स.स. कास्कीले दशकौंदेखि अलपत्र परेका रुग्ण योजनाहरूलाई निरन्तरको अनुगमन र समन्वयमार्फत न्यूनीकरण गर्दै शून्य बनाउने लक्ष्यसहित अघि बढेको पौडेलले जानकारी दिनुभयो। उप प्रमुख सरिता माल र जिल्ला समन्वय अधिकारी नवराज बरालले संस्थाका गतिविधि तथा आगामी योजनाबारे जानकारी गराउनु भएको थियो। आफुहरुले अनुगमन गरे पश्चात केही ठाँउमा गुणस्तरिय र प्रभावकारी ढंगबाट काम भएको त केही ठाँउमा अनुगमन गर्न वोलाउन थालेको समेत उहाँले जनाउनु भयो।

# पोखरामा पहिलो पटक आर्म रेस्लिङ्ग प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
गण्डकी, १८ भाद्र

पोखरामा पहीले पटक आर्म रेस्लिङ्ग प्रतियोगिता हुने भएको छ। आर्म रेस्लिङ्ग संघ, कास्कीले पटक प्रथम पोखरा राष्ट्रिय आर्म रेस्लिङ्ग प्रतियोगिता-२०८२ गर्न लागेको प्रतियोगिताका संयोजक खली थापाले बताउनु भयो।

पोखराको लेकसाइडमा रहेको आइभिवाई क्लवमा यही भदौं २० र २१ गते उक्त प्रतियोगिता संचालन हुने उहाँले जनाउनु भयो। चार वटा तौल समुहमा प्रतिष्प्रर्धा गराइने भएको छ। ६० केजी तौल समुह मुनि, ७० केजी मुनि, ८० केजी मुनि र ८० केजी माथी तौल समूहमा प्रतिष्प्रधा हुने भएको छ भने विजेताहरुबाट समग्र बिजेता घोषणा गरिने भएको छ।

विधागत बिजेतालाई ५० हजार, उपविजेतालाई २५ हजार र तेश्रो हुनेलाई १० हजार नगद, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ भने समग्रमा च्याम्पिन हुनेलाई नगद एक लाख पुरस्कार प्रदान गरिने भएको छ। उक्त खेलले पोखराको खेल पर्यटनमा टेवा पुग्ने आर्म रेस्लिङ्ग संघ कास्कीका अध्यक्ष नविन गुरुङले जानकारी दिनुभयो। उक्त प्रतियोगिताको पुरस्कार राषि अहिलेसम्मको सबैभन्दा धेरै रहेको उहाँले दाबी गर्नुभयो।

पुरस्कार राशीमा मात्रै ४ लाख ५० हजार माथि खर्च हुने अध्यक्ष गुरुङले बताउनु भयो। प्रतियोगिता सम्पन्न गर्न २३ लाख १९ हजार खर्च लाग्ने आयोजकले जनाएको छ। प्रतियोगितामा सहभागि हुन देशभरबाट करिब एक सय ५० बढि खेलाडी पोखरा आउने संयोजक थापाले बताउनु भयो।

# एभरेष्ट महिला भलिबल लिगको ट्रफी पोखरामा अनावरण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भाद्र

एभरेष्ट महिला भलिबल लिगको ट्रफी पोखरामा अनावरण गरिएको छ। यही भदौ २० देखि २८ गते सम्म पोखरामा नै हुन लागेको उक्त प्रतियोगिताको पूर्व अवसरमा पोखराको होम टिम पोखरा निन्जाजले ट्रफी अनावरण संगै ट्रफी टुर कार्यक्रम आयोजना गरेको हो।



पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले ट्रफी अनावरण गर्दै पोखरामा भलिबल खेलको धेरै क्रेज र सम्भावना रहेको बताउनु भयो। उक्त खेलले भलिवल खेलको विकाससंगै महिला सशक्तीकरणमा यसले उल्लेखनीय योगदान पुर्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो।

मेयर आचार्यले आफ्नो होम टिमलाई जितको अग्रिम शुभकामना दिंदै यस प्रकारका खेल गतिविधिले पोखरालाई खेलकुदको शहरको रुपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने जनाउनु भयो। उहाँले भन्नुभयो"खेल केवल मनोरञ्जन होइन, पहिचान, आत्मनिर्भरता र सामाजिक परिवर्तन ल्याउने माध्यम समेत हो।" मेयर आचार्य सहितको टोलीले पोखरा निन्जाजबाट सहभागि टिमका खेलाडीहरुलाई स्वागत समेत गर्नुभयो। सो अवसरमा प्रमुख आचार्यसहित, पोखरा निन्जाज टिमले पोखरा फेवातालमा ट्रफी टुर गराउँदै बराही मन्दिरको परिक्रमा समेत् गराएको थियो। सो अवसरमा पोखरा निन्जाज टिमका प्रमुख नितिन खानेकर, नेपाल भलिबल संघका सल्लाहकार द्वय हरिप्रसाद पराजुली र नारायण प्रसाद शर्मा, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पाहारी, पोखरा भ्रमण वर्ष २०२५ का संयोजक गोपी बहादुर भट्टराईलगायत पर्यटन एव खेलप्रेमीहरुको उल्लेख्य सहभागिता रहेको थियो। राजधानी बाहिर पोखरामा आयोजित दोस्रो संस्करणमा पोखरा निन्जाजले प्रगती नाथलाई मार्की प्लेयरको रुपमा अघि सारेको छ। त्यस्तै टिममा पुनम चन्द, मिना सुनार, सुनिता खत्री, गरिमा बोहरा, अञ्जिला प्रधान, निशा महरा, भावना तामाङ, गिरिश्मा गुरुङ रहनु भएको छ।

त्यस्तै विदेशी खेलाडीहरुमा अदिओला ओवोकोनिरान, लिया बोबन र अनामरिया बेर्दिलारहेको टिमका अपरेशन हेड विकाश खेतानले जनाउनु भयो। यसै गरी टिमको मुख्य प्रशिक्षकमा रुपेश विष्ट र प्रशिक्षकमा सन्तोष श्रेष्ठ रहनु भएको छ। टिम अपरेशनमा विशाल खेतान, फिजियोमा प्रीया लामा, मिडिया मेनेजरमा सन्ध्या ढुङ्गाना रहनु भएको छ। पोखरा निन्जाजले टिम एम्वसडरको रुपमा नेपाली चर्चित अभिनेत्री सनिशा भट्टराईलाई अघि सारेको छ। एभरेष्ट महिला भलिबल लिगमा ६ टिमको सहभागिता रहेको छ। यसैबिच भोलि विहिबार पोखराका मेयर धनराज आचार्य र नेपालका चर्चीत महानायक राजेश हमाल बिचको टोलीसंग मैत्रिपूर्ण भलिवल खेल समेत हुने तयारी गरिएको छ।

# पोखरामा दोस्रो नेपाल खुला स्नूकर प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
गण्डकी, १८ भाद्र

खेलकुदको शहर पोखरामा दोस्रो संस्करणका नेपाल खुला स्नूकर प्रतियोगिता-२०८२ सुरु भएको छ।

पोखरा ड्यामसाइडमा रहेको फाइनल स्कोर स्पोर्ट्स बार प्रा.लि.को आयोजनामा र कास्की बिलियार्ड स्नूकर तथा पुल संघको विशेष सहयोगमा पुनः दोश्रो पटक उक्त प्रतियोगिता पोखरामा मंगलबार देखि सुरु भएको हो। पोखरा-१७ ड्यामसाइडस्थित फाइनल स्कोर स्पोर्ट्स बारमा यही भदौं २८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले गर्नुभयो।



कार्यक्रममा बोल्दै उहाँले स्नुकर खेल खेल्ने खेलाडीहरु समाजमा हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन गर्नुपर्ने बताउनु भयो। मेयर आचार्यले स्नुकर खेल इण्डोर हल भित्र खेलिने निकै शान्त ढंगले शारीरिक तथा मानसिक रुपमै खेलिने तर अन्य खेल भन्दा केही महङगो भने हुने गरेको भनाई राख्नु भयो। प्रतियोगितालाई निरन्तरता दिन आग्रह गर्दै यस बर्ष देखि महानगर प्रबर्द्धकका रुपमा रहेको मेयर आचार्यले जनाउनु भयो। पर्यटनको राजधानि पोखरामा हरेक दिन जसो विभिन्न खेलकुद प्रतियोगिता जारी रहेको उहाँले उल्लेख गर्नुभयो। पोखरा १७ का वडा अध्यक्ष राधिका शाही योगीले उक्त प्रतियोगिताले पोखराको खेल पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। बक्सिङका पदकधारी खेलाडी एवं अग्रज पर्यटन व्यवसायी गणेश बहादुर भट्टराईले पोखरा क्षेत्रमा हुने खेलकुदका गतिविधिलाई पोखरा महानगरले आवश्यक सहयोग गर्न सुझाव दिनुभयो। कुनै पनि देशमा खेलकुदका गतिविधि हुनुले खेलाडी उत्पादन र खेलुकदको विकाससंगै देशको आर्थिक पक्ष राम्रो भएको सन्देस प्रवाह हुने उहाँको तर्क थियो।

नेपाल विलिडियार्ड स्नुकर तथा पुल संघका अध्यक्ष सरोज कुमार मुल्मीले उक्त प्रतियोगिताले खेलाडी उत्पादनमा टेवा पुग्ने बताउदै दशौं राष्ट्रिय खेलकुदमा यस खेललाई समावेस गर्न पहल गरेको उल्लेख गर्नुभयो। नेपालले यस खेलबाट पदकको राम्रो सम्भावना भएको उहाँको भनाई थियो। प्रतियोगितामा देशभरबाट १ सय ३६ जना खेलाडीको सहभागि भएको संस्थाका अध्यक्ष सोम बि.क.ले बताउनु भयो। प्रतियोगिताका विजेताले नगद २ लाख २ हजार २ सय २ रुपैया सहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ। प्रतियोगितामा दोश्रो हुनेलाई ८० हजार प्रदान गरिने भएको छ भने सेमिफाइनलमा प्रवेश गर्ने दुई खेलाडीलाई जनही २५ हजार प्रदान गरिने भएको छ। प्रतियोगितामा हाइएस्ट ब्रेकरलाई २० हजार र प्रत्येक खेलमा सेन्चुरी ब्रेक गर्ने खेलाडीलाई ७ हजार ५ सय रुपैया प्रदान गरिने भएको छ। प्रतियोगितामा पुरस्कार राशी ३ लाख ५९ हजार ७ सय २ रहेको आयोजकले जनाएको छ। यस अघि २०८० सालमा पहिलो संस्करण भव्यतापूर्वक सम्पन्न भएपश्चात दोश्रो संस्करण पोखरामा भएको हो। गत संस्करणका विजेता इटहरीका आयुष गौतम हुनुहुन्थ्यो। प्रतियोगिता सम्पन्न गर्न करिब १२ लाख रुपैयाँ खर्च हुने अध्यक्ष बि.क.ले जनाउनु भयो।

प्रतियोगिताले पोखरा क्षेत्रको स्नूकर खेलको स्तरवृद्धि, पर्यटन प्रवर्द्धन र खेलकुद संस्कृतिको विकासमा योगदान पुग्ने फाइनल स्कोर स्पोर्ट्स बार प्रा.लि.का अध्यक्ष सोम बि.क.ले विश्वास व्यक्त गर्नुभयो। साथै, पोखरालाई खेलकुद र पर्यटनको शहरको रुपमा स्थापित गर्न पनि यसले सहयोग गर्ने उहाँको भनाइ थियो। प्रालिका सञ्चालक प्रताप गुरुङले पनि यस प्रतियोगिताले पोखराको खेल पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। उक्त प्रतियोगितालाई पोखरा महानगरले प्रबर्द्धन गरेको छ। भोलि बिहान बाट पहिलो चरणका खेलहरु जारी रहने आयोजकले जनाएको छ।

# अन्तर प्रदेश पर्यटन प्रवर्द्धन गर्दै नाट्टा गण्डकी

**पोखरापत्र संवाददाता**
गण्डकी, १८ भाद्र

नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशले पोखरा सहित गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि आजदेखि अन्तरप्रदेश प्रवर्द्धनात्मक भ्रमण सुरु गरेको छ।



नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहाल नेतृत्वको १८ सदस्यीय टोलीले लुम्बिनी प्रदेशको नेपालगञ्ज, भैरहवा लगायत क्षेत्रमा पर्यटन सम्बद्ध अधिकारी एवम् व्यवसायीसँग छलफल एवम् अन्तरक्रिया सहित प्रवद्धनका विभिन्न कार्यक्रम सञ्चालन गर्न लागेको हो। बुधबार पोखरादेखि त्यसतर्फ लागेको टोलीले १९ गते नेपालगञ्ज र २० गते भैरहवामा त्यहाँका पर्यटन सम्वद्ध अधिकारी र व्यवसायीसँग पर्यटकीय साझेदारी अभिबृद्धि लगायतका विषयमा छलफल गर्ने कार्यक्रम संयोजक नाट्टा गण्डकी प्रदेशका द्वितीय उपाध्यक्ष राजेश पहारीले जानकारी दिनुभयो। टोलीलाई पोखराबाट पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराई, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, नाट्टा गण्डकी प्रदेश पूर्व अध्यक्ष परिषद्का संयोजक वासुत्रिपाठी, सहसंयोजक सन्तोष पोखरेल, निवर्तमान अध्यक्ष हरिराम अधिकारी लगायतले विदाइ गर्नुभएको थियो। अन्तरप्रदेश प्रवर्द्धनात्मक भ्रमणले पर्यटन प्रवर्द्धनसँगै पर्यटकीय साझेदारी लगायतका महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास लिइएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहालले बताउनुभयो। टोली प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गर्दै भदौ २१ गते पोखरा फर्कने जनाइएको छ।

# दमौलीमा सवारी दुर्घटनामा एकको मृत्यु, एक घाइते

**पोखरापत्र संवाददाता**
दमौली, १८ भाद्र

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-४ थर्पु बजारमा मंगलबार राति दुई स्कुटर ठोक्किँदा एक जनाको मृत्यु भएको छभने अन्य एक जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक आशिष विश्वकर्माका अनुसार पोखराबाट दमौलीतर्फ आइरहेको स्कुटर र विपरीत दिशाबाट आइरहेको स्कुटर एकापसमा ठोक्किँदा म्याग्दे गाउँपालिका-७ का ३२ वर्षीय विजय थापाको मृत्यु भएको हो।

गम्भीर घाइते थापाको उपचारका क्रममा दमौलीस्थित प्रदेश अस्पतालमा मृत्यु भएको हो। दुर्घटनामा अर्को स्कुटर चालक पोखरा महानगरपालिका-१७ का १९ वर्षीय प्रविण क्षेत्री घाइते भएका छन्। निजलाई उपचारार्थ पोखरा पठाइएको छ।

सुवर्ण अवसर
लेकसाइड, जरेवर, मालेपाटन, मासवार, सिमलचौर, प्रस्र्याङ, राष्ट्रबैंक चोक, बैदाम, रत्नचोक, सेदी, पामे इत्यादि ठाउँमा इन्टरनेट जडान गर्नुपरेमा हामीलाई सम्झनुहोस्।
साथै दशैं तथा शुभ दीपावलीको अवसरमा विशेष छुटको समेत व्यवस्था छ।
सजिलो NET
सरल - सुलभ - सुपथ
सजिलो नेट प्रा. लि.
ठाडो पसल-६ लेकसाईड, पोखरा
फोन: ९८०२८५२८३८/९८०२८५२८३७
मुख्य कार्यालय: ताहाचल-१३, काठमाडौं
फोन: ०१-५९७०४६६

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# एससिओ शिखर सम्मेलनले तानेको विश्वको ध्यानाकर्षण

चीनको प्रयासमा स्थापना भएको साङ्घाई सहयोग सङ्गठन (एससिओ) को सोमबार सम्पन्न शिखर सम्मेलनले विश्वको ध्यानाकर्षण गरिरहेको छ । एससिओको २५ औँ शिखर सम्मेलन चीनको तियान्जिनमा सम्पन्न भयो । सम्मेलनले विश्व सुशासनप्रति गहन विषय उठान गर्दै साङ्घाई भावनामार्फत गम्भीर मार्गनिर्देश गरेको छ । चीनले 'ग्लोबल गभर्नेन्स इनिसिएटिभ' (जिजिआई) को प्रस्ताव अगाडि

सारेको छ । मानव सभ्यतामा समृद्ध बनाउन साझा भविष्यको चिन्तनलाई नयाँ शिराबाट अगाडि बढाएको देखिन्छ । चीनका राष्ट्रपति सी चिनफिङले सम्मेलनको आरम्भमै राखेको 'ग्लोबल गभर्नेन्स इनिसिएटिभ' (जिजिआई) प्रस्तावका सिद्धान्त विश्वको सुशासनका दिशामा दूरगामी प्रभाव पार्ने खालका छन् ।

जिजिआईका पाँच प्रमुख सिद्धान्तमा पहिलो सार्वभौमिक समानतामा अडिग रहनुपर्ने छ भने दोस्रोले अन्तर्राष्ट्रिय कानुनी शासनको पालनालाई जोड दिएको छ । तेस्रो बहुपक्षीयताको अभ्यासको अग्रसरता छ । चौथो र पाँचौं क्रमशः जनमुखी दृष्टिकोणको वकालत र वास्तविक काममा केन्द्रित हुनुपर्ने सिद्धान्तले अहिलेको विश्वमा देखिएका धेरै खालका समस्याको सम्बोधन प्रयास गरेको छ । शान्तिपूर्ण सहअस्तित्वका साथ मुलुकबिच सम्बन्ध विकासलाई मुख्य प्राथमिकता दिइएको छ ।

सम्मेलनमा नेपाल संवाद साझेदार रहेको छ । नेपालको यो आबद्धता सन् २०१६ देखि निरन्तर छ । सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओली सहभागी भई सम्बोधन गरेर विश्वमञ्चमा नेपाललाई चिनाउन सकेका छन्। प्रधानमन्त्री ओलीले विश्वलाई विभाजन नभई साझेदारी चाहिने क्षेत्रीय र विश्वव्यापी रूपमा मिलेर काम गरे मात्र न्यायपूर्ण, समावेशी, लचिलो व्यवस्था र दिगो विकास गर्न सकिने प्रधानमन्त्रीको भनाइले साङ्घाई भावनाको मर्मलाई सही रूपमा सम्बोधन गरेको देख्न सकिन्छ । विश्वले विज्ञान, प्रविधि र नवप्रवर्तनको अभूतपूर्व प्रगति हासिल गरे पनि त्यसको उपयोगबाट समान लाभ सबैले पाउन सकेका छैनन् । प्रगतिका आयामलाई विश्वव्यापी रूपमा देखा परेको फराकिलो असमानताले बाधा परेको छ । आर्थिक असमानता तीव्र छ । नेपाल जस्ता मुलुक जलवायु परिवर्तनको असरले आक्रान्त छन् । यी मूलभूत विषयलाई समान दृष्टिकोणका साथ सम्बोधनमा अगाडि बढ्नुपर्ने आवश्यकतामा नेपाली दृष्टिकोण सुस्पष्ट छ ।

विश्वका कतिपय बहुपक्षीय सङ्गठनलक्षित विषयमा चाहेजसरी केन्द्रित हुन सकेका छैनन् । विश्वमञ्चका धेरै सङ्घ संस्था विषयान्तरसमेत छन् । यो अवस्थामा विश्व सुशासन प्रयास आफैँमा महत्वपूर्ण छ । वैश्विक सुशासनको आवश्यकता झन् झन् बढ्दो छ । ग्लोबल गभर्नेन्स इनिसिएटिभ (जिजिआई) ले बहुपक्षीय प्रणालीलाई स्थापित गर्न चाहेको छ । न्यायपूर्ण, समावेशी र समतामूलक विश्वव्यवस्थाले समकालीन धेरै समस्याको सम्बोधन गर्न सक्छ । साङ्घाई सहयोग सार्वभौम समानतामा आधारित पुनर्जीवित बहुपक्षीयताको भावनालाई बलियो बनाउने दिशामै नेपाल जस्ता मुलुकको साझा भविष्य सुदृढ हुन सक्ने छ । नेपालले शान्ति सेनामार्फत लामो समयदेखि विश्वशान्तिमा योगदान दिइरहेको छ । पञ्चशीलमा आधारित नेपालको विदेश नीति शान्तिपूर्ण सहअस्तित्वको मूल आधार हो । यसबाटै नियममा आधारित समावेशी तथा दिगो बहुपक्षीय प्रणाली विकसित हुन सक्ने छ । प्रधानमन्त्री ओलीद्वारा नेपाल एससिओको भावनामा आधारित सम्बन्ध र मित्रता अगाडि बढाउन इच्छुक भएको जानकारीले बाह्य सम्बन्धमा नवीन मार्गप्रशस्त गरेको छ । एससिओमा संवाद साझेदारबाट पूर्ण सदस्यका निम्ति प्रधानमन्त्रीको अग्रसरता नेपालको हितमा छ । संयुक्त राष्ट्रसङ्घलाई विश्वशान्ति र सुशासनको केन्द्रमा राख्ने गरी अझै बहुपक्षीय प्रयास आवश्यक छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'बिरुवा रोप्नुभन्दा हुर्काउनु महत्वपूर्ण'

**पोखरापत्र संवाददाता**
दमौली, १८ भाद्र

निजामती सेवा दिवसको अवसरमा तनहुँमा वृक्षारोपण गरिएको छ । निजामती सेवा दिवस मूल समारोह समितिको आयोजनामा बुधबार व्यास नगरपालिका-११ स्थित सिद्धवराह सामुदायिक वनमा वृक्षारोपण गरिएको हो ।

डिभिजन वन कार्यालय तनहुँको संयोजनमा भएको कार्यक्रममा विभिन्न प्रजातिका बिरुवा रोपिएको थियो । मूल समारोह समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले वृक्षारोपणको शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा गण्डकी प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेले बिरुवा रोप्नुभन्दा पनि हुर्काउनु महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । डिभिजन वन कार्यालयको सहयोगमा रोपिने बिरुवाको संरक्षणतर्फ कार्यालयले विशेष हेरचाह गर्नुपर्ने उहाँको भनाइ थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मी, निमित्त वन अधिकृत शरदकुमार अधिकारी लगायत कर्मचारीहरूको सहभागिता थियो ।

जिल्लामा भदौ १८ गतेदेखि २२ गतेसम्म निजामती सेवा दिवस विविध कार्यक्रम गरी मनाइँदैछ । पहिलो दिन डिभिजन वन कार्यालयको संयोजनमा वृक्षरोपण गरिएको छ भने यही भदौ १९ गते प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँको संयोजनमा डेङ्गीलगायतका सङ्क्रामक रोग नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम, भदौ २० गते कर्मचारी मिलन केन्द्रको संयोजनमा मैत्रीपूर्ण खेलकुद प्रतियोगिता, भदौ २० गते मूल समारोह समितिको संयोजनामा कार्यालय परिसर सरसफाइ, भदौ २१ गते प्रदेश अस्पताल दमौली तथा सामाजिक विकास कार्यालयको संयोजनमा वृद्धाश्रम, असहायक आश्रममा रहेका वृद्धवृद्धाहरूको स्वास्थ्य परीक्षण तथा सहयोग कार्यक्रम हुनेछ ।

यस्तै भदौ २२ गते मूल समारोह समितिको संयोजनमा प्रभातफेरी, भदौ २२ गते नै प्रदेश अस्पताल दमौली, प्रदेश जनस्वास्थ्य कार्यालयको संयोजनमा स्वास्थ्य शिविर, सोही दिन सेवा निवृत्त कर्मचारीहरूको सम्मान तथा औपचारिक समारोह र सबै कार्यालयहरूमा पहिलो सेवा लिन आउने सेवाग्राहीलाई सम्मान कार्यक्रम गरिने जनाइएको छ ।

# म्याग्दीका किसानलाई कृषि उत्पादन तथा पशुपालनमा अनुदान

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ भाद्र

आर्थिक वर्ष २०८२/ ८३ मा म्याग्दीका किसानहरूका लागि अनुदान वितरण गर्न चार करोड २३ लाख बजेट प्राप्त भएको छ ।

किसानलाई वितरणका लागि कृषि ज्ञान केन्द्रमा रुपैँया दुई करोड ९९ लाख २० हजार, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा रु एक करोड ६४ लाख र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनामा रु. एक करोड २४ लाख ४८ हजार बजेट बिनियोजन भएको हो ।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले आवेदन संकलनका लागि सूचना जारी गरेर कार्यक्रम कार्यान्वयनको प्रक्रिया अघि बढाएको छ भने प्रदेश सरकारका कार्यालयहरू केही नयाँ कार्यक्रमहरूको कार्यबिधि आएपछि कार्यान्वयनको तयारी गरेका छन् ।

कार्यक्रमका प्रकृति अनुसार कूल लागतको ५० देखि ८५ प्रतिशत सम्म अनुदान पाउने कार्यबिधि छ । कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जिब बास्तोलाले यस वर्षको नयाँ कृषि उद्यम विकास कार्यक्रमलाई रु २५ लाख, लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रर्वद्धन कार्यक्रमका लागि रु २० लाख, निर्यातजन्य कृषि वस्तु प्रर्वद्धन कार्यक्रमलाई रु १० लाख, विपद् बाट क्षति ब्यहोरेको कृषकलाई राहत दिन रु आठ लाख र ग्रामिण कृषि पर्यटन प्रर्वद्धन कार्यक्रमका लागि रु. पाँच लाख बजेट प्राप्त भएको जानकारी दिनुभयो ।

यसअघिको तीन वटा आर्थिक वर्षमा सञ्चालन भएको खायन आलु प्रर्वद्धन कार्यक्रम यस वर्ष हटेको छ । केन्द्रले गत वर्ष सञ्चालन गरेको कार्यक्रममार्फत रु दुई करोड १२ लाख ९५ हजार अनुदान वितरण भएको थियो । कार्यक्रमहरूबाट एक हजार चार सय एक जना कृषक लाभान्वित भएका र विभिन्न तालिममा नौ सय ९९ जना सहभागी भएका छन् । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका सूचना अधिकारी सुभाष रेग्मीले चालु कार्यक्रम सञ्चालनका लागि रु एक करोड ६४ लाख बजेट प्राप्त भएको जानकारी दिनुभयो । कालीगण्डकी कोरिडोरमा केन्द्रित पशुपक्षी तथा मत्य उत्थान कार्यक्रमलाई रु २० लाख र विपद्बाट पशुधन क्षति भएका किसानलाई राहत दिन रु १० लाख बजेट प्राप्त भएको जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०८१/८२ मा ४३ वटा फर्म, समूह र सहकारी संस्थाले केन्द्रले सञ्चालन गरेको आठ वटा कार्यक्रम मार्फत रु ३८ लाख सत्तरी हजार ७५ अनुदान पाएका केन्द्रका प्रमुख पशु विकास अधिकृत गोपाल गिरीले बताउनुभयो । पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि जिल्लाका वटै स्थानीय तहका कृषकले पालेका ८९ हजार छ सय ५१ गाई, भैसी, बाख्रा, भेडा र कुकुरलाई महामारीजन्य रोग विरुद्ध पाँच प्रकारका खोप लगाइएको थियो ।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाईका कृषि अधिकृत बिक्रम बस्यालले मुस्ताङ र म्याग्दीका कृषि उद्यमीहरूलाई अनुदान उपलब्ध गराउन रु २०/२० लाख बजेट बिनियोजन भएको जानकारी दिनुभयो ।

पर्वत, बागलुङ र म्याग्दीमा सञ्चालन भइरहेको सुन्तला जोनमा रु ५३ लाख ८५ हजार, रघुगङ्गा, बेनी र अन्नपूर्ण गाउँपालिका कार्यक्षेत्र भएको आलु जोनका लागि रु १६ लाख ६८ हजार र म्याग्दी जिल्लाभर कार्यक्षेत्र रहेको बंगुर जोनमा रु २९ लाख ९० हजार बजेट रहेको कृषि अधिकृत बस्यालले बताउनुभयो । उहाँका अनुसार परियोजना मार्फत गत आर्थिक वर्षमा म्याग्दीका कृषकहरूले रु. ९९ लाख अनुदान सुविधा पाएका छन् ।

# स्याङ्जामा २२ करोडको लागतमा १५ शीतभण्डार

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १८ भाद्र



चिसो मौसममा पाईने स्याङ्जाका रसिला सुन्तला भण्डारण गरेर गर्मियाममा बेच्न सके कृषकले कम्तिमा दोब्बर मुल्य पाउने थिए । सुन्तला पाक्ने मौसम शुरु भएसँगै जिल्लाका कृषकलाई सताउने एउटै चिन्ता छ, सुन्तलाले यो वर्षपनि उचित मुल्य पाउँदैन् । कृषकको यस्तै चिन्तालाई अन्त्य गर्न जिल्लामा झण्डै १५ वटा शीतभण्डार निर्माण गरियो ।

कृषकले उत्पादन गरेका वस्तुको उचित मुल्य पार्न २२ करोडको लागतमा बनेका १५ शीतभण्डार संचालनमा छन् । जिल्लाका ११ मध्ये ९ पालिकामा एक हजार ८५० मेट्रिकटन क्षमताका शीतभण्डार निर्माण भएको छ । आवश्यक जनशक्तिको अभाबमा ठूला शीतभण्डार चलेकै छैन् । करोडौ खर्चेर बनेका सामान्य रुपमा चलेका अधिकांश शीतभण्डार आलु भण्डारणमा सिमित बन्न पुगेका छन् । स्याङ्जाको पुतलीबजार नगरपालिका ११ सुम्रेखोलामा जिल्लाकै ठूलो एक हजार तिन सय मेट्रिकटन क्षमताको शीतभण्डार छ । १४ करोड खर्चेर निर्माण भएको शीतभण्डार आलु भण्डारण गरेर राखिएको कृषि ज्ञान केन्द्रका कृषि अर्थ विज्ञ नारायण पाठकले बताए । भण्डारण क्षमताका आधारमा गल्याङ् नगरपालिकाको जिमुवामा तिन करोड ४० लाखको लागतमा जिल्लाको दोस्रो ठूलो तिन सय मेट्रिकटन क्षमताको शीतभण्डार बनेको अर्थविज्ञ पाठकले जानकारी दिए । जिल्लाको वालिङ नगरपालिकास्थित त्रियासी र मिर्दिमा एक करोड २० लाख खर्चेको ५२ र १० मेट्रिकटन क्षमताका दुई वटा शीतभण्डार छन् । फेदीखोला गाउँपालिकाको सर्केटारी र फेदीखोलामा ६९ लाखमा बनेका २० र १० मेट्रिकटनका दुई शीतभण्डार रहेको छ । बिरुवा गाउँपालिकामा ३९ लाखमा बनेको ३० मेट्रिकटन क्षमताका दुई, आँधीखोला गाउँपालिकामा ६७ लाख खर्चमा बनेका दुई र अर्जुनचौपारी गाउँपालिकामा ३२ लाख खर्चेर बनेको १०/१० मेट्रिकटन क्षमताका दुई शीतभण्डार रहेका छन् । त्यस्तै कालिगण्डकी गाउँपालिकामा ९० लाख लागतमा बनेको ५४ मेट्रिकटन र पुतलीबजार नगरपालिका-१४ लामागेमा २३ लाखमा बनेको १० मेट्रिकटन क्षमताको शीतभण्डार छन् । जिल्लाकै चापाकोट नगरपालिकामा प्रदेश सरकारको अनुदानमा बन्दै गरेको शीतभण्डार निर्माणको अन्तिम चरणमा पुगेको केन्द्रका सुचना अधिकारी विकास विकले बताए । जिल्लाका सुन्तला तथा सरकारी उत्पादक कृषकले शीतभण्डार व्यवस्थित बनाएर चलाउन माग गरेका छन् । करोडौ खर्चमा बनेका शीतभण्डारबाट कृषकले उचित लाभ उठाउन नपाएको सुन्तला उत्पादक फणिनारयाण अर्यालले बताए । शीतभण्डारको संरचनासँगै प्रविधि ल्याएपनि उपयोग गर्न नपाउँदा राज्यको करोडौ मुल्य थुप्रिएको छ भने कृषक लाभ लिनबाट बञ्चित भएको बताउँदै अर्यालले भने, 'कृषकलाई शीतभण्डार 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' भनेजस्तै भएको छ ।' सुन्तला पाक्ने मौसममा गएकै वर्ष करिब १७० कृषकले जिल्लाकै ठूलो सुम्रेखोलास्थित शीतभण्डारमा भण्डारण गरेको १६० मेट्रिकटन सुन्तला कुहिँदा झण्डै ८५ लाखको क्षति पुगेको थियो । शीतभण्डारमा जडित प्रविधि चलाउन नजान्दा, हातले टिपेको सुन्तलामा ढुँसी छिटो फैलने हुँदा कृषकले ठूलो क्षति व्यहोर्न बाध्य भए । शीतभण्डारबाट लाभ लिन प्रविधिमा दक्ष जनशक्ति र सुन्तला टिप्न आधुनिक विधि अपनाउँनु पर्नेमा कृषि विज्ञ पाठकले जोड दिए । स्याङ्जामा २० हजार ८४ मेट्रिकटन सुन्तला उत्पादन गर्दा गएकै वर्ष कृषकले एक अर्ब १२ करोडको कारोबार गरे । २२ करोडको शीतभण्डारमा सुन्तला, तरकारी भण्डारपछि उचित मुल्य पाईने वस्तु राख्नुपर्नेमा सामान्य मुल्यको आलु भण्डारण गरिएको छ । आलु मात्रै भण्डारण गर्दा शीतभण्डार संचालनार्थ विद्युत, कामदार लागत खर्च समेत अपुग भएको वालिङस्थित त्रियासी कृषि उपज व्यवस्थापन शीतभण्डारका प्रबन्धक युवाराज रेग्मीले बताए । जिल्लामा सुन्तला लगाउने कृषकको संख्या दिनानुदिन बृद्धि हुँदै गएको छ । केहि वर्षअघि लगाएको सुन्तलाले उत्पादन दिन थालेपछि उत्पादनमा समेत बृद्धि आउनेछ । शीतभण्डारको आवश्यकता बढ्दै गएको छ । करोडौ खर्च गरेर बनाएको शीतभण्डारको उचित प्रयोगमा नआउनुले कृषकहरुमा नौराश्यता थपेको सुन्तला उत्पादक कृषकको भनाई छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्म:
वि.स. २००४/११/१७ गते

स्वर्गारोहण:
वि.स. २०८२/०५/०७ गते

**स्वः शिव कुमारी बराल**

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३, हिमाली मार्ग निवासी यस हिमाली टोल विकास संस्थाका सल्लाहकार श्री राम बरालकी ममतामयी माता तथा यस संस्थाका भू.पू.अध्यक्ष श्री रमीना गुरुङ बरालकी सासुआमा **शिव कुमारी बराल** को ७८ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सम्पूर्ण हिमाली टोलवासीहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं । परम्परादेखि चलिआएको आज उहाँको १३ औं दिनका दिन गरिने शुद्धाशुद्धि (पञ्चगब्य ग्रहण) को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथैं दुःख र पिडाको यस कठिन घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रनध्वज गुरुङ
अध्यक्ष एवम्

**हिमाली टोल विकास संस्था परिवार**
**हिमाली मार्ग पोखरा-१३, कास्की**

# यु १४ फुटबल, छात्रतर्फ सेमिफाइनल समिकरण पुरा

**पोखरापत्र संवाददाता**
पोखरा १८ भाद्र

पोखरा रंगशालामा जारी विद्यालयस्तरीय यु १४ फुटबल प्रतियोगिताको छात्रतर्फ सेमीफाइनल समिकरण सकिएको छ।

कास्की जिल्ला फुटबल संघको आयोजनामा जारी एन्फा यु१४ विद्यालयस्तरीय छात्र/छात्रा फुटबलको छात्रतर्फ शिशु कल्याण, शैनिक आवासिय, सोसल पब्लिक र गण्डकी बोर्डिङ सेमिफाइनलमा प्रवेश गरेको हो । बुधबार भएको क्वाटरफाइनल खेलमा शिशु कल्याण माविले फिस्टेल एकेडेमीलाई ५-० को फराकिलो गोलअन्तरले हराउँदै सेमिफाइनल प्रवेश गरेको हो । शिशुकल्याणको जितमा विक्रम गुरुङले ह्याट्रिक गर्दै नायक बने। उनी खेलको प्लेयर अफ दि म्याच घोषित भए। यस्तै सुमन घर्ति र शक्ति बोहोराले समान एक गोल गरे। सैनिक आवासिय महाविद्यालयले कालिका माविलाइ ४-० ले पाखा लगायो । सैनिकको जितमा वसिल विक्रम कुँवरले ह्याटिक गरे भने रेमन पौडेलले १ गोल गरे । वसिल प्लेयर अफ दि म्याच घोषित भए । यस्तै गण्डकी बोर्डिङले हेमजा बोर्डिङलाई २-१ ले हराउँदै अन्तिम चारमा स्थान बनायो। गण्डकीका लागि सुहन खत्री र अर्मान गुरुङले गोल गरे भने, हेमजाका लागि समिर विकले गोल गरे । अर्मान प्लेयर अफ दि म्याच घोषित भए। अन्तिम क्वाटरफाइनल खेलमा सोसल पब्लिकले बालकल्याणलाई ५-२ ले हरायो। सोसलको जितमा बुद्ध विकले २ तथा दावा थापा, रवि मणि र अमित परियारले गोल गरे। अमित प्लेयर अफ दि म्याच घोषित भए । बाल कल्याणको तर्फबाट प्रविण गुरुङ र प्रिन्स गुरुङले गोल गरे। उता छात्रातर्फ लिग चरणको खेलमा शान्तिदिपले सेन्ट मेरिजलाई १-० ले हरायो । शान्तिदिपको जितमा सेजु खड्गले गोल गरिन्।

दोस्रो खेलमा सैनिक आवासिय महाविद्यालयले सोसल पब्लिकलाई ६-० ले हरायो । सैनिकका लागि सन्सुभ थापा मगरले चार गोल गरिन् भने रस्मी रिजालले २ गोल गरेको म्याच कमिस्नर गोपाल लामाले जानकारी दिए । प्रतियोगितामा भोलि छात्रा तर्फ लिगचरणको अन्तिम खेलहरु तथा छात्रतर्फ सेमिफाइनलका खेल हुनेछन् । सेमिफाइनलमा शिशु कल्याण र शैनिक तथा सोसल पब्लिक र गण्डकी भिड्नेछन् । प्रतियोगितामा छात्रा तर्फ ६ र छात्र तर्फ २४ विद्यालयले सहभागिता जनाएका छन्। भदौ १२ गतेदेखि सुरु प्रतियोगिता २० गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा छात्र तर्फ विजेताले नगद ५० हजार, उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्ने कास्की जिल्ला फुटबल संघले जनाएको छ। छात्रा तर्फको विजेताले नगद २० हजार र उपविजेताले १० हजार रुपैयाँसहित ट्रफी प्रदान गरिने संघले जनाएको छ । प्रतियोगितालाई बंगलादेशीय फुड उत्पादक कम्पनी प्रान, सहारा क्लब पोखराले नगद एक लाख रुपैयाँ, एबीज इन्जिनियरिङले ५० हजार रुपैयाँ लगायत अन्य संघसंस्थाले सहयोग गरेको छ।

# कालिका माविको अध्यक्षमा मोहन थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भाद्र



पोखरा-३३, आँपुभन्ज्याङस्थित कालिका माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा मोहनबहादुर थापा सर्वसम्मत चयन भएका छन्।

गत भदौ ६ गते निवर्तमान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गङ्गाबहादुर पुनको अध्यक्षता, शिक्षा महाशाखाका शाखा अधिकृत रामप्रसाद तिवारीको प्रमुख आतिथ्य र वडा सदस्य दुर्गादेवी केसी थापाको विशेष उपस्थितिमा सम्पन्न अभिभावक भेला र वडा शिक्षा समितिबाट मनोनित भई आएका सदस्यहरूको बुधवार सम्पन्न बैठकबाट थापा सर्वसम्मत चयन अध्यक्ष भएका हुन्। समितिका सदस्यहरूमा खिमबहादुर खत्री, कृष्णकुमार श्रेष्ठ, ज्योति गुरुङ, अस्मिता नेपाली र सीता विक रहेका छन् । सोही बैठकबाट पोखरा महानगरपालिका, शिक्षा नियमावलीको नियम २९ (ङ) बमोजिम स्थानीय बुद्धिजीवी, चन्दादातामध्येबाट लोकनाथ पौडेललाई सदस्यका रूपमा मनोनयन गरिएको छ। समितिको सदस्य सचिवमा प्रधानाध्यापक रुपिन्द्र प्रभावी जोशी र शिक्षक प्रतिनिधिमा मानकाजी विक रहेका छन् ।

अध्यक्ष चयन भएपछि थापाले विद्यालयमा भएका समस्याको समाधान गरी विद्यालयको चौतर्फी स्तर उन्नतिका लागि आफू लागिपर्ने प्रतिबद्धता जनाए। विद्यालय सबैको साझा सम्पत्ति भएको भन्दै उनले विद्यालयले विद्यार्थी खोज्दै जानुपर्ने अवस्थाबाट विद्यार्थीले विद्यालय खोज्दै आउने अवस्थामा पुऱ्याउने कार्ययोजना आफूसँग रहेको बताए।


## सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
कर्पोरेट कार्यालयः महालक्ष्मी-४, इमाडोल, ललितपुर, फोन नं.: ०१-५९१२७५२
Website : www.swmfi.com.np
को

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !

सूचना प्रकाशित मिति २०८२/०५/१९ गते

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको देहायका संस्थापक शेयरधनीले देहाय बमोजिमको संस्थापक शेयर बिक्री गर्न ईच्छुक भई वित्तीय संस्था समक्ष निवेदन दिनु भएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरिद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरिद गर्न विद्यमान संस्थापक शेयरधनीहरुका लागि सूचना प्रकाशित गरिएकोमा विद्यमान संस्थापक शेयरधनीहरुबाट कुनै आवेदन नआएको हुँदा संस्थापक भन्दा बाहिर सर्वसाधारणहरुबाट उक्त शेयर खरिद गर्न इच्छुक सर्वसाधारणले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी ०४, ललितपुर वा शेयर रजिष्ट्रार, कुमारी क्यापिटल लिमिटेड काठमाडौं-१ नक्साल, नागपोखरी आईपुग्ने गरी आवेदन गर्नुहुन सूचित गराईएको छ । सो शेयरको बिक्री मूल्य बिक्रेताले तोके बमोजिम हुनेछ।

**तपसिल**

| क्र.सं. | शेयरधनीको नाम, ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| १. | गुडाखर सापकोटा<br>आँधिखोला-०२, स्याङ्जा | ३२४४४ कित्ता<br>(बत्तीस हजार चार सय चवालीस मात्र) |



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २००४/११/१७ गते

स्वर्गारोहणः वि.स. २०८२/०५/०७ गते

**स्वः शिव कुमारी बराल**

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३, हिमाली मार्ग निवासी पोखरेली युवाहरुको ढुकढुकी एवम् समाजसेवी आदरणीय दाइ राम बरालकी ममतामयी माता **शिव कुमारी बराल** को ७८ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अति मर्माहत भएका छौं । यस दुःखद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

रबि शाह
काठमाडौं, नेपाल

हेमचन्द्र बराल
मार्केटिङ मेनेजर
गण्डकी / धवलागिरी

**अशोका स्टिल्स इण्डष्ट्रिज प्रा.लि.**
विरगंज, नेपाल मो. ९८०१०००२८८



## सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना

**सूचना प्रकाशित मितिः २०८२/०५/१९ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासंग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत आफुले बुझाउनु पर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थालाई बुझाउन पर्ने सम्पूर्ण सावा ब्याज, हर्जना ब्याज, तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला वा बुझाउनु भएको भए प्रमाणित कागजात सहित संस्थामा उपस्थित हुनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिल

| ऋणीको फाटो | ऋणीको नाम र ठेगना | जमानि बस्नेको नाम र ठेगना | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|---|---|
|  | नाम थरः रामचन्द्र बहादुर भट्टराई<br>ना.प्र.प.नंः १२०९८५-कास्की<br>ठेगानाः पोखरा-१७ कास्की<br>बाबुको नामः रत्न बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नंः ४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ -१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
|  | नाम थरः सन्त कुमारी बि.क<br>ना.प्र.प.नंः १२५९५६-कास्की<br>ठेगनाः पोखरा लेखनाथ-१३ कास्की<br>पतिको नामः हर्क बहादुर बि.क.<br>ससुराको नामः लाल बहादुर कामी | नामः भोज बहादुर बि.क<br>ना.प्र.प.नंः ४६-०१-७४-०१०२०<br>ठेगानाः पोखरा लेखनाथ-१३ कास्की<br>बाबुको नामः हर्क बहादुर कामी<br>बाजेको नामः लाल बहादुर कामी | सन्त कुमारी बि.क को मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला आर्वा बिजय १ को कित्ता नं ३७०२ को क्षेत्रफल ०-४-०-३ वर्गमिटर १३३.१३ को जग्गा |
|  | नाम थरः भगवती देवी भट्टराई<br>ना.प्र.प.नंः<br>४६-०१-७४-०६१७२-कास्की<br>ठेगानाः पोखरा लेखनाथ -१७ कास्की<br>पतिको नामः रत्न बहादुर भट्टराइ<br>ससुराको नामः भक्त बहादुर | नाम : बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नं :४६-०१-७५-०४०३०<br>ठेगाना : पोखरा लेखनाथ -१७ कास्की<br>बाबुको नाम : रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नाम : भक्त बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
|  | नाम थर : वैदेही भट्टराई<br>ना.प्र.प.नंः<br>४६-०१-७८-००२६३-कास्की<br>ठेगानाः पोखरा म.न.पा.-१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | नाम थरः रामचन्द्र बहादुर भट्टराई<br>ना.प्र.प.नं : १२०९८५-कास्की<br>ठेगाना : पोखरा-१७ कास्की<br>बाबुको नामः रत्न बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | वैदेही भट्टराईको मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली ३ को कित्ता नं ४१३ को क्षेत्रफल ०-१५-३-० वर्गमिटर ५००.७० जग्गा |
|  | नामः बिनिता कार्की (भट्टराई)<br>ना.प्र.प.नंः १४२०-मोरङ<br>ठेगानाः पोखरा-१७ कास्की<br>पतिको नामः रामचन्द्र बहादुर भट्टराई<br>ससुराको नामः रत्न बहादुर भट्टराई | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नंः ४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ -१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः २-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
|  | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नंः ४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ-१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | नामः बिनिता कार्की(भट्टराई)<br>ना.प्र.प.नंः १४२०-मोरङ<br>ठेगानाः पोखरा-१७ कास्की<br>पतिको नामः रामचन्द्र बहादुर भट्टराई<br>ससुराको नामः रत्न बहादुर भट्टराई | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३ बाँझापाटन
फोनः ०६१-५८३८११, ५९०६७३, ९८५६०६६८११